## संघीय संसद पुस्तकालय
## सिंहदरवार, काठमाण्डौ ।
## २०७९



### परिचय

विक्रम सम्वत् २००७ साल पश्चात् शाही घोषणाबाट नेपालमा प्रजातान्त्रिक शासन प्रणालीको शुरुवात भएपछि गठन भएका सल्लाहकार सभा र विधायिकी संस्थाहरुद्वारा छुट्टाछुट्टै नामवाट संसद पुस्तकालयको व्यवस्था भैआएको पाइन्छ । यसै पृष्ठभूमिमा विक्रम सम्वत् २००९ सालमा रेकर्ड शाखा, २०१४ सालमा सल्लाहकार सभा पुस्तकालय, २०१७ सालमा राष्ट्रिय पञ्चायत पुस्तकालय, २०४६ सालमा संसद पुस्तकालय, २०६३ सालमा व्यबस्थापिका संसद पुस्तकालय तथा २०७४ सालबाट संघीय संसद पुस्तकालयको रुपमा संसद पुस्तकालय सञ्चालन हुंदै आएको छ । संघीय संसद सचिवालयको संगठनात्मक संरचनामा संसदीय अध्ययन तथा अनुसन्धान महाशाखा अन्तर्गत पुस्तकालय शाखाको छुट्टै व्यवस्था गरिएको छ ।

### सदस्यता

संसद पुस्तकालय मुख्यतः माननीय संसद सदस्यहरु (राष्ट्रिय सभा र प्रतिनिधि सभा) र सचिवालयका कर्मचारीहरुको प्रयोगको लागि भएतापनि अन्य इच्छुक पाठक तथा अनुसन्धानकर्ताहरुले पनि अनुमति प्राप्त गरि प्रयोग गर्न पाउने व्यवस्था रहेको छ । सचिवालयको अनुमतिले पुस्तकालयमा बसी अध्ययन, खोज तथा अनुसन्धानात्मक कार्यहरु गर्ने व्यवस्था रहेको छ ।

### उद्वेश्य

१. संसदीय अभ्यास, कानून, राजनीति, संविधान, संघीयता, अन्तर्राष्ट्रिय सम्बन्ध आदि विषयका पुस्तक तथा पाठ्यसामग्रीहरु संकलन गरि पुस्तकालयका सदस्यहरुलाई ज्ञान तथा सूचनाको पहुँचमा सघाउ पुऱ्याउने ।

२.संकलित सामग्रीहरुलाई यथोचित रुपमा व्यवस्थापन गर्दै त्यस्ता सामग्रीहरुको संरक्षणका लागि आवश्यक पहल गर्ने ।

३.समसामयिक गतिविधि तथा राष्ट्रिय महत्वका सूचनाहरु उपलब्ध गराउने ।

४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहका अन्य पुस्तकालयहरुसँग आफ्ना प्रकाशन तथा सूचनाहरु आदान प्रदानका लागि समन्वय तथा सहयोग गर्ने ।


५. संसदका सम्पूर्ण कार्यवाहीहरुको विवरण सुरक्षित राख्ने ।

### संकलन

पुस्तकालयमा अंग्रेजी, नेपाली, हिन्दी र अन्य भाषाका विभिन्न विषयका करिब पच्चीस हजार पुस्तक रहेका छन् । पुस्तकालयमा मुलतः संघीयता, संविधान सभा, इतिहास, राजनीति, अर्थशास्त्र, भूगोल, अन्तर्राष्ट्रिय सम्बन्ध, कुटनीति, धर्म तथा साहित्य आदि विभिन्न विधाका पुस्तक साथै विभिन्न सरकारी आयोगका प्रतिवेदनहरु, संघ-संस्थाका रिपोर्टहरु, नेपाली पत्र-पत्रिका, म्यागेजिनहरु र अन्तर्राष्ट्रिय केहि शीर्षकका पत्रिका तथा म्यागेजिनहरु उपलब्ध रहेका छन्। यसका साथै नेपालको संसदीय इतिहासको शुरु २०१६ सालदेखिकै संसदको सञ्चालन तथा काम कारवाहीका बारेमा रेकर्ड गरिएको सम्पूर्ण विवरण (Verbatim) पनि सुरक्षित राखिएको छ ।

पुस्तकालय भित्र सम्पूर्ण विवरण (Verbatim), कक्ष, पत्र-पत्रिका कक्ष, रेफरेन्स कक्ष, कर्मचारी एवं माननीय सदस्यहरुका लागि अध्ययन कक्ष, माननीय सदस्यहरुका लागि इन्टरनेट कक्ष, मुख्य पुस्तकालय कक्ष, सरकारी प्रतिवेदन संग्रह कक्ष, प्रतिवेदन कक्ष आदि रहेका छन् ।









## सेवा तथा सुविधाहरु

१. लेनदेन सेवा  - पुस्तकालय सदस्यहरुलाई सामान्यतया: एकपटकमा दुईवटा पुस्तक उपलब्ध गराइनेछ । माननीय सदस्यज्यूहरुको हकमा ३० दिनका लागि र संसद कर्मचारीको हकमा १५ दिनका लागि पुस्तक तथा पाठ्यसामग्री उपलब्ध गराइनेछ । सदस्यहरुले पुस्तक रिन्यू गर्न चाहेमा रिन्यू गर्न सकिने व्यवस्था रहेको छ ।

२. रेफरेन्स सेवा  - इन्साइक्लोपेडिया, डिक्सनरी, डाइरेक्टरी, यरबुक, एटलस, पेरियोडिकल्स् तथा दुर्लभ पुस्तकादि सामग्रीहरुका साथै रेफरेन्स पुस्तकहरु, तथा पत्र-पत्रिकाहरु पुस्तकालयमा नै बसेर अध्ययन गर्नुपर्नेछ र यस्ता सामग्रीहरु इस्यु गरिनेछैन ।

३. डाटावेस सर्चिङ  - पुस्तकालयमा रहेका पुस्तकहरु लाइब्रेरी सफ्टवेरमा राखि डाटावेस तयार गरिएकाले पुस्तकालयमा के कस्ता विषयका के कस्ता पुस्तकहरु रहेका छन् भनेर कम्प्युटरबाट खोजी गर्ने व्यवस्था गरिएको छ । यसलाई संघीय संसदको वेबसाइट www.parliament.gov.np मा लग इन गरेर हेर्न, खोज्न सकिन्छ ।


४. न्युजपेपर क्लिपिङस्  - समसामयिक विषयमा आवश्यकता हेरि न्युजपेपर क्लिपिङस्हरु पनि कटिङ गरि राख्ने व्यवस्था गरिएको छ ।

५. फोटोकपि सेवा  - पुस्तकालय सदस्यहरुलाई अध्ययनका क्रममा केहि मात्रामा फोटोकपि गर्नुपर्ने आवश्यकता परेमा सो को पनि सुविधा रहेको छ ।


६. पुस्तकालयका माननीय संसद सदस्यहरुलाई पुस्तकालयमा बसि कम्प्युटरबाट आफ्नो कार्य गर्नका लागि इन्टरनेट कक्षको पनि व्यवस्था गरिएको छ ।

७. ई-रिसोर्सेज - पुस्तकालयमा केहि फ्री अनलाइन ई-रिसोर्सेज समेत उपलब्ध गराइएको छ । जस्तै, AGORA, OARE, ARDI, GOALI आदि ।

## पुस्तकालयमा रहेका केहि कक्षहरु



पुस्तक संकलन कक्ष



इन्टरनेट कक्ष



भर्बेटिम कक्ष



फोटोकपि कक्ष




पत्र-पत्रिका संकलन कक्ष

**सम्पर्क**
कमलादेवी शर्मा
(पुस्तकालय प्रमुख)
संघीय संसद पुस्तकालय
कार्यालय ०१४२००१५२,
मोबाइल ९८४१७६०२५७

**प्रकाशक**
संघीय संसद सचिवालय
पुस्तकालय शाखा,
सिंहदरवार, काठमाण्डौ ।